म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १२, | अंक २७४ | बिहिबार ४ जेठ २०८० | ने. सं. ११४३ बछलागा | 18 May 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**व्यवसायिक कृषिले बनाउँछ सुखी**

☞ निर्वाहमुखी कृषि प्रणालीमा सुधार गरी व्यवसायिक कृषिको प्रारम्भ गरौं,

☞ खेतीयोग्य जमिन बाँझो नराखौं,

☞ लाखौं खर्च गरेर विदेशिनुको सट्टा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,

☞ व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# टिपर आतङ्क कायमै, नियमनकारी निकाय मुकदर्शक

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/ मकवानपुर जिल्लामा खानी क्षेत्रमा सञ्चालन हुने टिपरको तीव्रगति र ओभरलोडले आमजनतामा आतङ्क नै फैलिएको भन्दै राजनीतिक दलका भातृ संगठनदेखि नागरिक समाज सडकमा उत्रने तयारी गरेका छन् ।

जिल्लास्थित सिमेन्ट उद्योगमा चुनढुंगा उत्खनन् क्षेत्र (खानी) बाट आवतजावत गर्ने टिपरले गाउँदेखि नगर क्षेत्र नै आतङ्कित बनाएको भन्दै पटक-पटक आवाज उठ्ने गरेको छ । तर, 'हात्तीका अगाडि भुसुना' भन्ने नेपाली उखान झैं शक्तिको आडमा व्यवसायीले ट्राफिक नियम उल्लंघन गरिरहँदा आतङ्क हट्नुको साटो झन् बढेको छ ।

टिपरले ढालाभन्दा एक हातमाथि ढुंगा बोकेर तीव्रगतिमा कुदिरहेका छन् । जसको कारण ढुंगा खसेर लाग्ने डरले विशेष गरी हेटौंडा बजारको मुख्य सडक क्षेत्र नै आतङ्कित बनेको हो । तर, ओभरलोड बोकेर सडकभरि खानीजन्य ढुंगा, गिट्टी र बालुवा छरेर टिपर कुदिरहँदा पनि ट्राफिक प्रहरी रमिते बनिरहेका छन् ।

जिल्लाको शान्ति सुरक्षाको जिम्मा लिएका प्रमुख जिल्ला अधिकारीको आदेशसमेत प्रहरीले कार्यान्वयन नगरेको गुनासो सरकारी अधिकारी नै गरिरहेका छन् । टिपरले ओभरलोड चुनढुंगा बोकेर हिँडेको गुनासो धेरै आएपछि केही महिनाअघि जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरेको थियो । हेटौंडा १ नम्बर वडा कार्यालयले पनि सो सम्बन्धमा ध्यानाकर्षण बुझाएको थियो । तर, उक्त पत्राचारप्रति नियमन गर्नेतर्फ प्रहरी गम्भीर नभएको हाल भइरहेको टिपरका आतङ्कले पुष्टि गर्दछ ।

'नेपालको कानून दैवले जानून्' भन्ने उखान यही प्रसङ्गमा पुन: मिल्न गएको छ । कानुन कार्यान्वयनमा समय सीमा निर्धारण हुँदैन । तर, मकवानपुरमा भने आवाज उठेपछि कानुन कार्यान्वयन भएको



जस्तो देखिने र आवाज मत्थर हुन थालेपछि कानुनले कामै गर्न छोड्ने समस्या रहेको हेटौंडा-१ चौकीटोलका डिल्लीबहादुर थापा बताउँछन् ।

हेटौंडाको मुख्य सडकमा मंगलबार एउटा ६ चक्के टिपरको तीव्रगति देखेर स्थानीयबासी नै दङ्ग परे । टिपरको तीव्रगतिका कारण दायाँबायाँ गुड्ने साना सवारीहरु नै साइड लागेर भागेको देख्दा स्थानीयले जिब्रो नै टोकेर भयभित भएका थिए । सर्वसाधारणमात्र नभई बुधबार मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले शिवम् सिमेन्टको बुढीचौर खानीबाट चुनढुंगा बोकेर आउँदै गरेको टिपर देखेर आफ्नो सात्तो गएको घटना सुनाए । बकैयास्थित निर्माणाधीन सुरुङमार्गको अनुगमनमा जाने क्रममा तीव्रगतिमा आएको उक्त टिपरले झण्डै आफ्नो गाडीलाई ठक्कर दिएको सुनाए । *साझाकुरा* दैनिकले टिपर आतङ्क नियन्त्रण हुन नसकेको विषयमा जवाफ माग्न कुरा गर्ने क्रममा नियमनकारी निकायका प्रमुख नै टिपर देखेर आत्तिनुपर्ने दिन आएपछि सर्वसाधारणले हात जोडेर बस्नुको विकल्प नभएको अनुभूति हुन्छ ।

'म बकैया जाँदै थिएँ । मकवानपुरगढीमा ओभरलोड ढुंगा बोकेको टिपर देखेको थिएँ । त्यो ढुंगा झरेको अवस्थामा जुनसुकै घटना हुनसक्ने देखिन्थ्यो । मेरो पनि सात्तो गयो', शर्माले टेलिफोनमा भने । सहायक सीडीओ शर्माले प्रहरीलाई नियमन गर्न पत्राचार गरेको जानकारी दिए । तर, टिपर आतङ्क केही समयअघि नियन्त्रणमा आएको र पुन: समस्या देखिएकोले कानुनी कारबाही गरिने बताए । जिल्ला प्रशासन कार्यालयले नै टिपर आतङ्क नियन्त्रण गर्न नसकेपछि कुन अदृश्य शक्तिले आतङ्क रोक्न नखोजेको भन्दै दलका भातृ संगठनहरु सडकमै उत्रिन थालेका छन् । नेकपा माओवादी केन्द्र मकवानपुरको युवा संगठन योङ कम्युनिष्ट लिग (वाईसीएल)ले बुधबार सडकमै बसेर टिपर नियन्त्रणमा लिएको वाईसीएल जिल्ला अध्यक्ष लवराज ठकुरीले जानकारी दिए । ओभरलोड बोक्ने टिपरलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाइएको ठकुरी बताउँछन् ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी निरीक्षक वसन्त आचार्यले ओभरलोड बोक्ने टिपरलाई नियन्त्रणमा लिएर कारबाही भइरहेको बताए । उनले प्रहरीको आँखा छलेर हिँड्ने टिपर नियन्त्रणमा पनि चासो दिइरहेको बताए । पछिल्लो समय ओभरलोड बोकेको टिपरले आतङ्क मच्चाएको भन्दै हेटौंडा उपमहानगरपालिकाको १ नम्बर वडा कार्यालयले प्रहरी प्रशासनसमक्ष पत्राचार पनि गरेको तर, प्रहरीले टिपर नियन्त्रण गर्न छोडेर मुकदर्शक मात्रै बनेको वडाअध्यक्ष सविन न्यौपानेले जानकारी दिए । अध्यक्ष न्यौपानेले सवारीको क्षमता अनुसारको लोड बोकेर बाटोको अवस्था हेरेर ठीक गतिमा नहिँडी यस्तै अटेर गरिरहे अब जनताको जीउज्यानको सुरक्षाको लागि सडकमा हेभी टिपर गुडाउन रोक्ने चेतावनी दिए ।

हेटौंडा नगरक्षेत्रका तीनवटा सिमेन्ट उद्योगका कच्चापदार्थ आपूर्ति गर्ने क्रममा टिपरले क्षमता भन्दा बढी लोड बोकेर नगरको मुख्य सडक र यात्रुलाई जोखिममा पारिरहेका छन् । तीव्र गतिका टिपर आउने बित्तिकै मोटरसाइकल, साइकल, अटो, मयुरी जस्ता साना सवारीसाधन कालोपत्रे सडक छोडेर भाग्नुपर्ने अवस्था छ ।

टिपरले ढालाभन्दा माथि चुली लगाएर चुनढुंगा ल्याएपछि सडक सुरक्षामै खतरा निम्तिएको हो । नेपालको सडकहरु १० मेट्रिक टन भारवहन गर्ने सवारीका लागि निर्माण गरिएको भएपनि ५० टनभन्दा बढी चुनढुंगा बोक्ने टिपरहरु निर्बाध चलिरहेका छन् । तर, प्रहरी प्रशासनको यसतर्फ कुनै ध्यान गएको छैन । नयाँ किन्दाको अवस्थाको टिपरको ढाला बराबरमात्रै चुनढुंगा बोक्न पाउने मापदण्ड भएपनि हाल ढाला थपेर त्यसमाथि पनि चुली लगाएर ढुंगा ओसारपसार गरिरहेका छन् । शक्तिको आढमा विभिन्न निर्माण कम्पनीले प्रहरीलाई समेत प्रलोभनमा पारेर चुनढुंगा ढुवानी गरिरहेको नागरिक समाजको आरोप छ ।

टिपरहरुको अटेरीपनाका कारण ट्राफिक प्रहरी नै हैरान छन् । हेटौंडास्थित ऋद्धिसिद्धि सिमेन्ट उद्योगले राक्सिराङ गाउँपालिका र शिवम् सिमेन्टले मकवानपुरगढी गाउँपालिकाको ७ र ८ नम्बर वडामा रहेका खानीबाट चुनढुंगा उत्खनन् गरिरहेका छन् । उत्खनन् गरिएका चुनढुंगा टिपरले ढालाभन्दा माथि चुली बनाएर कानुनविपरित ओसारपसार गरिरहेका हुन् ।

दुबै सिमेन्ट उद्योगका लागि चुनढुंगा उत्खनन् र ढुवानीको जिम्मा लिएका मोडर्न इन्फ्रास्ट्रक्चर प्रालि, मोतिदान कन्स्ट्रक्सन प्रालि, बानियाँ निर्माण सेवा प्रालि र बागमती विन्ध्यबासिनी कन्स्ट्रक्सन प्रालिले मकवानपुरका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेलाई केही समयअघि शान्ति सुरक्षा र व्यवसाय गर्ने वातावरण बनाइदिन निवेदनसमेत दिएका थिए । प्रजिअ पाण्डेलाई बुझाएको पत्रमा कम्पनीहरुले ओभरलोड बोक्ने टिपरलाई कारबाही गर्न आवाज उठाउनेलाई स्वार्थ समूहको आरोप लगाउँदै शान्ति सुरक्षासहित व्यवसाय गरी खान पाउनुपर्ने माग गरेका छन् ।

# मकवानपुरमा 'लम्पी स्किन'बाट २०० गाई मरे

साझाकुरा संवाददाता



हेटौंडा, ३ जेठ/ कीटाणुजन्य 'लम्पी स्किन' रोगको संक्रमणबाट मकवानपुरमा झण्डै २०० वटा गाई मरेका छन् ।

प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयकाअनुसार बागमती प्रदेशका १३ जिल्लामध्ये मकवानपुरमा 'लम्पी स्किन' रोगको बढी संक्रमण देखिएको छ । पहिलो चरणमा संकलन गरिएको तथ्यांक अनुसार बागमती प्रदेशभर हालसम्म १८ हजार तीन सय २४ गाईमा संक्रमण देखिएको प्रदेश कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले जानकारी दिए । देशभर फैलिएको लम्पी स्किन रोग गाईभैंसीमा देखा पर्न थालेपछि पशुचौपाय मर्न थालेका छन् । अधिकारीले दिएको जानकारीअनुसार मकवानपुरको १० वटै स्थानीय तहमा गरेर १ सय ९७ वटा गाई मरेका हुन् । जिल्लाका १० पालिकामध्ये मकवानपुरगढी बढी संक्रमण भएको क्षेत्र हो । मकवानपुर गढीमा गाईपालन धेरै भएकाले यहाँका धेरै किसान समस्यामा परेका छन् ।

मकवानपुरमा चार हजार ८ सय ३५ गाईमा रोग देखिएको हो । सिन्धुलीमा ९ हजार ६ सय ३४ गाईमा संक्रमण देखिँदा ४७ वटा गाईको मृत्यु, रामेछापमा एक हजार ९ सय ६५, चितवनमा एक हजार ६० गाईमा उक्त रोगको संक्रमण देखिएको अधिकारीले जानकारी दिए ।

*बाँकी पृष्ठ-४.....*

**कर्मचारी आवश्यकता**

यस मकवानपुर सहकारी अस्पतालभित्र रहेको सक्षम औषधी पसल र अग्रिम औषधी पसलका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा सम्पर्क राख्नुहोला ।

**D Pharma** - २ जना
**B Pharma** - २ जना

**तलब:** आपसी समझदारीमा निर्धारण गरिनेछ ।

**सक्षम औषधी पसल/अग्रिम औषधी पसल**
**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, सम्पर्क नं.: ९८५५०७४९००, ९८४४१२७००९

**पुरानो नारायणी यातायात कम्पनी प्रा.लि.द्वारा संचालित बस सेवा**

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०८० बैशाख २ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौं गंगबु बसपार्कसम्म दैनिक बिहान ७ बजे
- गंगबु बसपार्क काठमाडौंबाट हेटौंडासम्म दैनिक बिहान ६:३० बजे
- कलंकीबाट ठिंगन हुँदै हेटौंडासम्म दैनिक बिहान ६:४५ बजे
- काठमाडौं सातदोबाटोबाट हेटौंडासम्म दैनिक बिहान ७ बजे




सम्पर्क:
०५७-५२१९९४, ९८५५०६७६५५, ९८५५०७१६२५, ९८४५०७६७६३

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**


☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**घडेरीहरु बिक्रीमा**

जिल्ला : मकवानपुर
हेटौंडा उपमहानगरपालिका
वडा नं. १

मुकुन्द कार्की :
९८५१०८९६३४,
९८०१०९८८६९



साझाकुरा

## हाम्रो कुरा

# टिपर आतङ्क बन्द गरौं

मकवानपुर जिल्लामा खानी क्षेत्रमा सञ्चालन हुने टिपरको तीव्रगति र ओभरलोडले आमजनतामा आतङ्क नै फैलिएको छ । मकवानरपुरमा एक दसक अगाडिदेखि सुरु भएको टिपर ओभरलोड आतंक अहिले पनि प्रमुख समस्याको रुपमा छ । टिपर ओभरलोड आतंक बिशेष गरी नेपालबाट भारतीय बजारमा गिट्टी निर्यात सुरु भएपछि देखिएको थियो । शिबम् सिमेन्टको ओभरलोडको समाचार लेखिरहेका संचारकर्मीलाई हेटौंडामा रिद्धिसिद्धि सिमेन्ट उद्योग खुल्यो र ओभरलोड महामारीमा थप योगदान पुग्यो । एकातिर सिमेन्टको बजार माग धान्न कम गुणस्तरका भारतीय सिमेन्ट आयात गर्ने क्रमलाई रोक्न शिवम्, रिद्धिसिद्धि जस्ता उद्योगको महत्वपूर्ण योगदान छ । अर्कोतिर यही उद्योगका कच्चापदार्थ बोक्ने भारी सबारीसाधनले त्राहिमाम बनाइरहेको छ ।

सिमेन्ट उद्योग खुल्नुभन्दा अगाडि पनि टिपरको ओभरलोड आतंक नभएको होइन । त्यसबेला सडकमा टिपरले गिट्टी र बालुवा उछिट्याउँदै राजमार्ग नै प्रदुषित गर्थे । सिमेन्ट उद्योगले पहाड फोर्दै चुनढुङ्गा ओसार्न थालेपछि सडकमा गिट्टी बालुवा मात्रै होइन, ढुङ्गा पनि उछिट्टिन सुरु भयो । उत्खनन् गर्ने उद्योगले सुन्दर हरिया पहाडमा ब्रेकर मेसिन लगाउँदैछ । यता टिपरलाई क्षमताभन्दा दोब्बर भारबोकाएर सडकयात्री र स्थानीयलाई आतंकित बनाउने मात्रै नभई सडक संरचनालाई समेत कमजोर बनाउने काम गरिहरेको छ । शिवम र रिद्धिसिद्धिको चुनढुङ्गा खानी ज्यादतीको बिषयमा जति गुनासो र सञ्चार माध्यममा समाचार आएपनि सरोकारवाला निकायलाई मतलब छैन । सञ्चार माध्यममा चुनढुङ्गा खानीको विषय जति समाचार प्रकाशित गरेपनि ब्यवस्थित गराउने बिषयमा सरोकारवाला निकायले ध्यान दिएको छैन । प्रशासनले ओभरलोड आतंकलाई नियन्त्रण गर्न भने केही प्रयास गरेको देखिन्छ । सञ्चार माध्यमले अब्यवस्थित खानी र ओभरलोडको बिषयमा समाचार प्रकाशित गरेपछि प्रशासनले ओभरलोड आतंक नियन्त्रणको थोरै प्रयास गरेको देखिन्छ । तर, त्यो प्रभावकारी बन्न सकेको छैन । हालसम्म पनि टिपरले ओभरलोड बोकिरहेका छन् । प्रहरीले चेकजाँच गरी कारवाही गर्छ । तर, पनि टिपरले ल्याउन छोड्दैन ओभर लोड अन्य सवारीको हकमा ट्राफिक नियमको पढाउने ट्राफिक प्रहरी टिपरको ओभरलोड नियन्त्रणमा कहाँ चुक्यो ? प्रशासनको कारवाही किन फितलो भयो ? टिपर चालक र ब्यवसायीको रहर हो कि बाध्यता हो ? यतिमात्र नभई सर्वसाधारणले प्रशासन र उद्योगबीच सेटिङ त छैन ? भन्दै प्रश्न गरिरहेका छन् । राजमार्गमा चल्ने टिपरहरु दौड प्रतियोगितामा भाग लिइरहेको भान हुनेगरी किन दौडाउने ? संयमित भएर पनि गन्तब्यमा पुग्न सकिन्छ भन्ने कुराको हेक्का नभएरै यस्तो भएको हो वा अन्य कुनै कारण छ ? यो सोचनीय बिषय बन्न पुगेको छ ।

टिपर आतंक मकवानपुरमा मात्रै होइन । केही वर्षअघिदेखि काठमाडौंमा टिपर दिउसो चल्न नपाइने नियम बनाइयो । तर, मोफसलमा ट्राफिक प्रहरीले रातमा मात्र टिपर चल्न दिने ब्यवस्था लागू गर्न सकेको छैन । राजमार्गमा टिपर आएको देखेपछि यमराज आयो भन्दै साइड लाग्ने साना सवारी चालकको पीडा बयान गरिसाध्य छैन । यो बिषयमा नियमनकारी निकायमा जतिपटक गुनासो गर्दा पनि सुनुवाई भएको छैन । टिपर ब्यवासय नै बन्द गर्ने माग आम नागरिकको होइन । राजमार्ग आफ्नै बाउको बीर्ता झैं मानेर टिपर चलाइएका कारण बिरोध गरिएको हो । ओभरलोड बोकेका कारण टिपरको ब्रेक कुनै बेला नलाग्न पनि सक्छ । त्यसैले यस्तो समयमा दुर्घटना हुने नै भयो । संयमित भएर ट्राफिक नियम पालना गरेर चलाउने हो भने धेरै ठूलो समस्या देखिंदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मक्वानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० जेष्ठ ५ गते शुक्रबार १९ मे २०२३ । औंशी, ज्येष्ठ कृष्णपक्ष । बछलागा ११४३ ने.सं. । सूर्योदय ५:१५, सूर्यास्त ६:४७ । शनि जयन्ती । वटसावित्री व्रत । दर्शश्राद्ध । निशि बार्ने ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : निर्माण कार्यमा प्रगति | तुला | : विद्यार्थीका लागि लाभदायक |
| वृष | : सामाजिक काममा सफलता | वृश्चिक | : सम्मानित काम हुनेछ |
| मिथुन | : सन्तानबाट खुशी मिल्ने | धनु | : धार्मिक काममा रुचि बढ्नेछ |
| कर्कट | : व्यापारमा केही हानि हुने | मकर | : काममा एकरुपता आउनेछ |
| सिंह | : शत्रु पराजित हुने | कुम्भ | : यात्राबाट लाभ हुनेछ |
| कन्या | : मानसम्मान बढ्ने | मीन | : धनको समस्या पार लाग्नेछ |

# शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने बजेटको खाँचो

✍ महेश भण्डारी

महामारीले थलिएको विश्व अर्थतन्त्र क्रमिक रूपमा मत्थर हुन नपाउँदै, रूस-युक्रेन युद्धले यसलाई शिथिलतातर्फ डोऱ्याइरहेको छ । विशेषगरी युरोप र पूर्वी एशियाका अल्पविकसित देशहरू यसबाट बढी नै प्रभावित भइरहेका छन् । आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा अनुसार युद्धले विश्व आपूर्ति तथा उत्पादन प्रणाली अवरोध हुँदा खाद्य तथा गैरखाद्य वस्तु, पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धि र अमेरिकी डलरको अधिमूल्यनका कारण विश्वभर मुद्रास्फीति बढिरहेको छ ।

सन् २०२१ मा विकसित र विकासोन्मुख मुलुकहरूको मुद्रास्फीति क्रमश: ३.१ र ५.९ प्रतिशत रहेकोमा सन् २०२२ मा क्रमश: ७.२ र ९.९ प्रतिशत तथा सन् २०२३ मा क्रमश: ४.४ र ८.१ प्रतिशत रहने प्रक्षेपण गरिएको छ । विश्व अर्थतन्त्र वृद्धि दरमा पनि ह्रास आएको छ । सन् २०२१ मा ६ प्रतिशतले विस्तार भएको विश्व अर्थतन्त्र २०२२ मा घटेर ३.२ मा आएको थियो भने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपणले २०२३ को अन्तिमसम्म २.७ प्रतिशतमा सीमित रहने देखाएको छ । सन् २०२३ को अन्त्यतिर मात्रै क्रमिक सुधार हुने अनुमान छ । तर युद्ध रोकिएन भने प्रभाव झन् बढ्दै जानेछ ।

वैश्विक आर्थिक शिथिलताको बाछिटा नेपालमा पर्नु स्वाभाविकै हो । जसले गर्दा महँगी नियन्त्रणमा चुनौतीपूर्ण अवस्था रहेको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को ९ महिनाको तथ्याङ्क अनुसार मुद्रास्फीति ७.७६ रहेको छ । अर्थतन्त्रका प्राय: सूचक नकारात्मक रहेका छन् । आ.व २०७९/८० मा आर्थिक वृद्धिदर २.१६ प्रतिशत रहने राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रक्षेपण गरेको छ ।

विदेशी मुद्रा सञ्चितिमा भएको ह्रासका कारण श्रीलंकाले आर्थिक संकट सामना गरिरहेको अवस्थामा नेपालमा पनि डलर सञ्चिति अवस्था घट्दै गएको थियो । यसबाट बच्न राष्ट्र बैंकले कसिलो मौद्रिक नीति अवलम्बन गरी विलासिताका वस्तु आयातमा प्रतिबन्ध लगाउँदा राजस्व आम्दानी वैशाख १५ सम्म ४९ प्रतिशतले घट्यो भने अर्कोतर्फ बजार चलायमान हुन पाएन । बाह्य क्षेत्र व्यवस्थापनमा सघाए पनि आयातमा निर्भर अर्थतन्त्र भएकाले यसको प्रत्यक्ष असर आन्तरिक अर्थतन्त्रमा देखियो ।

आर्थिक सुस्तताले गर्दा साना तथा मझौला उद्योग व्यवसायी क्रमश: धरासायी बन्दै गएका छन् । निजी क्षेत्रको मनोबल खस्किएको अवस्था छ । राष्ट्रिय अर्थतन्त्रमा ८० प्रतिशत योगदान दिने निजी क्षेत्रको गतिविधि पछिल्लो डेढ वर्षयता अत्यन्त न्यून देखिन्छ भने वैदेशिक लगानी र दातृ निकायले दिने सहायता रकम घट्दै गएको छ । उद्योग विभागका अनुसार आ.व २०७७/७८ मा प्रत्यक्ष वैदेशिक लगानी १९ अर्ब ९० करोड र २०७८/७९ मा १९ अर्ब २१ करोड भित्रिएको छ । वैदेशिक लगानी आर्थिक वृद्धि तथा विकासको मेरुदण्ड हो । चीन, भारत तथा मलेशियामा कुल गार्हस्थ्य उत्पादनमा यसको प्रमुख भूमिका रहेको छ ।

अर्कोतर्फ बैंक तथा वित्तीय संस्थामा तरलता अभाव र ब्याजदरको समस्या छ । पछिल्लो समय बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीमा पनि समस्या देखिन थालेको छ । बैंक, वित्तीय संस्था र सहकारी क्षेत्रका समस्याले अहिले बजार तरङ्गित छ । कर्जाको सावाँ-ब्याज तिर्न नसकिने भन्दै ऋणी आन्दोलित छन् ।

हाम्रो जस्तो विकासोन्मुख राष्ट्रले निजी क्षेत्रमा लगानी गर्नुपर्ने अवस्थामा उल्टो सरकार ऋण लिएर बसेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत पुस मसान्तसम्ममा सरकारको कुल सार्वजनिक ऋण २० खर्ब ७० अर्ब ५३ करोड बराबर छ । जसमध्ये ११ खर्ब २ अर्ब ५१ करोड बाफय ऋण र ९ खर्ब ६८ अर्ब १ करोड आन्तरिक ऋण छ ।

अर्कोतर्फ, अर्थतन्त्रका उत्पादनमूलक क्षेत्रको अवस्था पनि सन्तोषजनक छैन । कृषि प्रधान मुलुकमा वार्षिक ४ खर्ब भन्दा बढी मूल्यको कृषिजन्य वस्तु आयात हुने गर्दछ । आयातमा सबैभन्दा धेरै व्यापार घाटा डिजल, पेट्रोल र एलपी ग्याँसमा रहेको छ । आर्थिक वर्ष २०७८/७९ को तथ्याङ्क अनुसार १ खर्ब ६८ अर्ब २३ करोडको डिजल, ७१ अर्ब ३८ करोडको पेट्रोल र ६५ अर्ब ५५ करोडको एलपी ग्याँस आयात भएको छ । शिक्षा तथा स्वास्थ्य क्षेत्रको अवस्था पनि खस्कँदै गएको छ । आर्थिक वर्ष २०७८/७९ मा विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्याङ्क हेर्दा वैदेशिक अध्ययन अनुमतिका लागि ठूलो संख्यामा विद्यार्थीले अध्ययन अनुमति पत्र लिएका छन् । ४ महिनामा वैदेशिक अध्ययन शीर्षकमा २२ अर्ब ६१ करोड रुपैयाँ बाहिरिएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यो रकम १११ प्रतिशतले बढी हो । सोही वर्ष ६ लाख ३० हजार ९० जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए । झण्डै ३० प्रतिशत नेपाली १८ देखि २४ वर्ष उमेर समूहका छन् । जुन उच्च शिक्षा अध्ययन गर्नुपर्ने उमेर समूहका हुन् । त्यस्तै, २५ देखि ३४ वर्ष उमेर समूहका ५१.३ प्रतिशत व्यक्ति वैदेशिक रोजगारीमा छन् । उनीहरू विश्वविद्यालयस्तरको पढाइ गर्नुपर्ने उमेर समूहका व्यक्ति हुन् । स्वदेशमै रोजगारमुखी व्यावसायिक शिक्षाको अभावका कारण विदेश पलायन बढ्दो छ, जुन देश विकासका लागि चिन्ताजनक विषय हो ।

कोभिड-१९ र रूस-युक्रेन युद्धबाट सिर्जित आर्थिक कारकहरू अस्थायी मात्र हुन् । गरिब मुलुकको आर्थिक विकाससँग व्यापार घाटा, चरम भ्रष्टाचार, बेरोजगारी, युवा पलायन र कर छली जस्ता समस्या प्रत्यक्ष जोडिएका हुन्छन् । यी समस्या समाधान नगरी अर्थतन्त्रलाई दिगो रूपमा चलायमान बनाउन सकिन्न ।

सरकार अहिले बजेट निर्माणको प्रक्रियामा छ । अर्थतन्त्रमा देखिएको शिथिलतालाई सुधार्न अल्पकालीन उपाय अवलम्बन गर्दै निजी क्षेत्रलाई राहत मिल्ने गरी बजेटको खाका तय गर्नुपर्दछ । योजनाहरू बनाउँदा अनावश्यक खर्च कटौती गरी सीमित स्रोतलाई बढीभन्दा बढी प्रतिफल प्राप्त हुने क्षेत्रमा प्राथमिकता दिएर लगानी गर्न सकियो भने यसले दीर्घकालसम्म फाइदा गर्दछ । प्रत्येक वर्ष नयाँ-नयाँ योजना भन्दा वर्षौंदेखि अलपत्र परेका तथा कार्यान्वयन हुन नसकेका योजनालाई बजेट छुट्याई कार्यान्वयनमा ध्यान दिनुपर्दछ । आयोजना समयमै सम्पन्न हुन नसक्दा लागत बढ्न गई अर्बौं घाटा भएको छ ।

भौतिक विकास निर्माणका योजना तय गर्दा अति आवश्यक तथा छिटो प्रतिफल दिने क्षेत्र छनोट गर्नुपर्दछ । उद्योग, निर्माण र व्यापार क्षेत्रको वृद्धिदर नकारात्मक देखिएको छ । ब्याजदर महँगो हुँदा अर्थतन्त्र गतिशील बन्न सकिरहेको छैन । त्यसैले अर्थतन्त्रलाई गतिशील बनाउन ब्याजदर घटाउनै पर्दछ ।

अर्कोतर्फ सरकारले बढ्दो व्यापार घाटा कम गर्न विदेश पलायन भइरहेका युवालाई स्वदेशमै टिकाइराख्न दीर्घकालीन योजना बनाएर उत्पादनशील क्षेत्रमा व्यवस्थापन गर्न सक्नुपर्दछ । कृषिजन्य वस्तुमा हुने व्यापार घाटा कम गर्न कृषिको आधुनिकीकरण र सिंचाइ व्यवस्थामा ध्यान दिनुपर्ने देखिन्छ । विद्युतीय ऊर्जाको प्रयोग बढाउँदै पेट्रोलियम पदार्थ तथा ग्याँस जस्ता जैविक इन्धन आयातमा हुने बढ्दो व्यापार घाटा कम गर्न अग्रसर हुनुपर्दछ ।

सुविधायुक्त सडक निर्माणमा तदारुकताका साथ काम गर्नुपर्दछ । घट्दो प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन सरकारले लगानी सुरक्षाको प्रत्याभूति दिलाउन सक्नुपर्दछ । यसका लागि सरकार अल्पकालीन तथा दीर्घकालीन योजना र प्याकेजको व्यवस्थामार्फत लगानीकर्तालाई सहजीकरण गरिदिनुपर्दछ । सीमामा हुने भन्सार छली, चोरी-पैठारी नियन्त्रण गर्न अनुगमन तथा मूल्याङ्कन व्यवस्था चुस्तदुरुस्त बनाउनुपर्दछ ।

अर्थतन्त्र दरिलो बनाउन दीर्घकालीन योजनाप्रति ध्यान नदिने हो भने आर्थिक संकटले अर्थतन्त्रलाई पङ्गु बनाइदिनेछ । शिक्षा, स्वास्थ्य जस्ता विकासका पूर्वाधारमा गरिने लगानीलाई समयबद्ध कार्यतालिका निर्माण गरी बजेट कार्यान्वयनको नियमित अनुगमन गर्नुपर्दछ ।

*(साभार : अनलाइनखबर)*

# बजेटमा जलवायुजन्य असर र अवसर



✍ मञ्जित ढकाल

जलवायु परिवर्तनले नेपालका कृषि, रेमिट्यान्स, जलविद्युत् उत्पादन र पर्यटनजस्ता अर्थतन्त्रमा विशेष योगदान गर्ने क्षेत्रहरूमा ठूलो प्रभाव पारिरहेको छ र भविष्यमा अझ दूरगामी आर्थिक परिणाम निम्त्याउने सम्भवना छ ।

यस लेखमा मैले आगामी आर्थिक वर्षको बजेट तयारीका सन्दर्भमा अर्थतन्त्रमा विशेष योगदान गर्ने यी महत्वपूर्ण चार क्षेत्रमा जलवायु परिवर्तनका असरबारे छलफल गर्नुका साथै जलवायुमैत्री कार्यमार्फत आर्थिक समृद्धि र दिगो विकासका अवसरहरूबारे विश्लेषण गर्ने प्रयास गरेको छु ।

कृषि : कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड हो, जसले अझै पनि देशको कुल गार्हस्थ्य उत्पादनमा करिब २५ प्रतिशत योगदान पुऱ्याउँछ करिब दुईतिहाइ श्रमशक्तिलाई रोजगारी दिइरहेको छ । तर निरन्तर बढ्दो तापक्रम र विषम मौसमी घटनाहरू, अनियमित र अनिश्चित वर्षा र सुक्खा-खडेरीजस्ता जलवायुजन्य प्रकोपहरूले कृषि उत्पादनमा सबैभन्दा ठूलो प्रभाव पारिरहेका छन्, जसको प्रत्यक्ष असर अर्थतन्त्रमा परिरहेको छ । फलस्वरूप बाली उत्पादनमा कमी आएको छ, बालीमा क्षति पुगेका कारण कृषि उत्पादकत्व घट्दै गएको छ ।

कृषि क्षेत्रमा धानको मात्रै योगदान लगभग २० प्रतिशत छ । विगतका वर्षहरूमा धानको उत्पादनमा सामान्य वृद्धि हुँदै गएको भए पनि गत वर्षको बेमौसमी वर्षा र विभिन्न रोगका कारण घटेको थियो । नेपालमा आधाजति कृषियोग्य जमिनमा सिँचाइ पुगेको छैन, त्यसैले मनसुन महत्वपूर्ण छ । जल तथा मौसम विज्ञान विभागले यो वर्ष मनसुनको समयमा कम वर्षा हुने आकलन गरेको छ । समयमै धान रोप्न नपाएमा त्यसको असर धान उत्पादनमा पर्ने निश्चित छ ।

बाली उत्पादनमा आएको ह्रासले देशको खाद्य सुरक्षामा असर पार्नाले खाद्यान्नको मूल्य बढ्न जान्छ । यसले कृषिलाई मुख्य पेसा बनाएका नागरिकहरू, विशेष गरी ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरूको जीवनस्तरमा प्रत्यक्ष प्रभाव पार्छ । यो वर्ष सरदरभन्दा कम वर्षा हुने आकलन भएकाले, समग्र कृषि उत्पादनमा प्रत्यक्ष असर पर्ने स्पष्ट छ । यसरी कृषि उत्पादकत्वमा आएको ह्रासले खाद्यान्न अभाव हुने, खाद्यान्नको मूल्य बढ्ने र देशको निर्यात राजस्वमा ह्रास आउने हुनाले यसको असर अर्थतन्त्रमा पर्नु स्वाभाविक छ । आगामी आर्थिक वर्षको बजेटमार्फत देशको खाद्य सुरक्षा र आर्थिक स्थायित्व सुनिश्चित गर्न, कृषिमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न, सिँचाइ क्षेत्र विस्तार गर्न बदलिँदो जलवायु सुहाउँदो बाली विकास तथा विस्तारका कार्यहरू प्रवर्द्धनमा अविलम्ब कदम चाल्नुपर्छ ।

रेमिट्यान्स : रेमिट्यान्सले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब २३ प्रतिशत योगदान पुऱ्याउँछ । श्रम मन्त्रालयका अनुसार २०७८ सम्ममा नयाँ तथा पुन: श्रम स्वीकृति लिने नेपालीको संख्या ५६ लाख छ । राष्ट्रिय जनगणना-२०७८ अनुसार लगभग २२ लाख नेपाली नागरिक विदेशमा विभिन्न आर्थिक क्रियाकलापहरूमा संलग्न छन् । विदेशमा रहेका नेपालीले नेपालमा पठाएको पैसा धेरै घरपरिवारका लागि आम्दानीको महत्वपूर्ण स्रोत बनेको छ । तर, जलवायु परिवर्तनको विश्वव्यापी असरसँगै यसले नेपाली आप्रवासीको आर्थिक अवसर खुम्च्याइरहेको यथार्थलाई बेवास्ता गर्न सकिँदैन ।

वैदेशिक रोजगारीको प्रमखु गन्तव्यका रूपमा रहेका मलेसिया, कतार, साउदी अरब र यूएईमा मात्र वैदेशिक रोजगारीमा गएका नेपालीमध्ये करिब ९० प्रतिशत कार्यरत छन् । नेपालीहरू सबैभन्दा धेरै भएका मध्यपूर्वका देशहरूमा जलवायु परिवर्तनका कारण विश्वव्यापी औसतभन्दा दोब्बर छिटो तापक्रम बढिरहेको छ । विभिन्न अध्ययन अनुसार, मध्यपूर्वमा यो शताब्दीको अन्त्यसम्ममा तापक्रम लगभग ५ डिग्री सेल्सियससम्म बढ्ने अनुमान छ । यसो भएमा केही क्षेत्रमा अत्यधिक तापक्रम वृद्धिका कारण मानव बसोबास हुन नसक्ने अवस्था आउनेसमेत देखिएको छ ।

साथै, अन्य देशमा जलवायु परिवर्तनका कारण बाढीपहिरोजस्ता विषम मौसमी घटनाहरू बारम्बार भइरहेका छन् र यस्ता घटना तीव्र गतिले बढ्दै जाने सम्भावना छ । बाह्य देशमा कुनै विपत्ति वा महामारी भए रेमिट्यान्स आयमा ठूलो उतारचढाव हुन्छ । यी घटनाहरूले पूर्वाधार र संरचनाहरू नष्ट हुँदा रोजगारीमा प्रत्यक्ष असर र आर्थिक अवसरहरूमा कमी आउन सक्छ ।

हाम्रो अर्थतन्त्र रेमिट्यान्समा निर्भर भएकाले यसको परिणामबारे पुनर्विचार र तदनुसार रणनीति विकास गर्न जरुरी छ । आगामी आर्थिक वर्षको बजेटमार्फत जलवायु परिवर्तनले रेमिट्यान्स क्षेत्रमा पारिरहेका असरहरूबारे विश्लेषण, रेमिट्यान्स निर्भरता घटाउन विशेष योजना र देशमा थप रोजगारी सृजना गर्ने महत्त्वपूर्ण कार्यहरूको सुरुआत हुनुपर्छ ।

पर्यटन : पर्यटन नेपालको अर्थतन्त्रको अर्को महत्त्वपूर्ण क्षेत्र हो, जसले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब ७ प्रतिशत योगदान पुऱ्याउँछ र १० लाखभन्दा बढी मानिसलाई रोजगारी दिन्छ । जलवायु परिवर्तनका कारण बाढीपहिरो र खडेरीजस्ता प्रकोपहरूमा भइरहेको निरन्तर वृद्धिले पर्यटन पूर्वाधार, पर्यटकको सुरक्षा र पर्यटकीय गन्तव्यहरूमा असर परिरहेको छ ।

जलवायु परिवर्तनका कारण विश्वव्यापी तापक्रम १.५ डिग्री सेल्सियसमा सीमित हुँदा पनि यस हिन्दुकुश हिमालय क्षेत्रको तापक्रम लगभग २ डिग्री सेल्सियसले वृद्धि हुने अनुमान छ ।

फलस्वरूप, निरन्तरको तापक्रम वृद्धिले हिमालको हिउँ र हिमनदी पग्लिँदा दीर्घकालीन रूपमा पर्यटकका लागि आकर्षण घट्ने निश्चित छ । साथै, निरन्तर बढ्दो तापक्रम र बदलिँदो वर्षाको स्वरूपले यहाँ उपलब्ध वनस्पति र जीवजन्तुलाई असर गरिरहेको छ, जसका कारण राष्ट्रिय निकुञ्जजस्ता पर्यटकीय स्थलहरूमा प्रभाव पर्न सक्छ । यसबाट नेपालमा पर्यटकको संख्यामा उल्लेख्य कमी आउन सक्छ । पर्यटक संख्यामा कमीले यस क्षेत्रबाट हुने राजस्व घट्दा यसको अर्थतन्त्रमा असर पर्नेछ र विशेष गरी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू घट्दै जानेछन् । देशको आर्थिक स्थायित्व जोगाउन जलवायु परिवर्तनले पर्यटनमा पारेको असरलाई न्यूनीकरण गर्न यस आर्थिक वर्षको बजेटमा पर्यटकीय क्षेत्रहरूको संरक्षण, दूरगामी प्रभावहरूबारे अध्ययन र यसबारे जनचेतनामा विशेष जोड दिनुपर्ने आवश्यकता छ ।

जलविद्युत् : जलविद्युत् उत्पादनले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब ४ प्रतिशत योगदान पुऱ्याउँछ र करिब ४०,००० मानिसलाई रोजगारी दिन्छ । तर, जलवायु परिवर्तनले गर्दा जलविद्युत् उत्पादनमा अहिले नै असर परिरहेको छ, दीर्घकालमा त्यसको मात्रा झन् बढ्न सक्छ । अनि यसको प्रत्यक्ष असर देशको अर्थतन्त्रमा पर्ने पनि निश्चित छ ।

बदलिँदो वर्षाको स्वरूप र मौसमी चक्रको अस्वाभाविक अस्थिरताले छोटो अवधिमा हिमनदी धेरै पग्लिने र अनियमित हुने पक्का छ । दीर्घकालीन रूपमा वर्षाको समय र मात्रामा हुने अनियमितताले पनि जलविद्युत् उत्पादनका लागि पानीको उपलब्धतालाई असर गर्ने निश्चितप्राय: छ । निरन्तर वृद्धि भइरहेका बाढीपहिरोजस्ता विषम मौसमी घटनाहरूले जलविद्युत् पूर्वाधारहरूका साथै विद्युत् प्रसारण लाइनहरूमा धेरै क्षति गरिरहेका छन् । यस्तो क्षति भविष्यमा अझ बढ्न सक्छ ।

जलवायु परिवर्तनले जलविद्युत् आयोजनाहरूमा सम्भावित क्षति र पानी आपूर्तिमा कमी हुँदा विद्युत् उत्पादन गर्ने क्षमता घट्नाले विद्युत् कटौती निम्तिनुका साथै उद्योगधन्दा र रोजगारीमा प्रत्यक्ष असर पुग्ने देखिन्छ । नेपालले आर्थिक स्थायित्व र दिगो विकास सुनिश्चित गर्न जलविद्युत् उत्पादनमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न अविलम्ब कदम चाल्नुपर्छ । यस आर्थिक वर्षको बजेटमार्फत जलविद्युत्का क्षेत्रमा जलवायुका तत्कालीन र दीर्घकालीन प्रभावहरूबारे अध्ययन, जलविद्युत् निर्माण गर्दा जलवायु परिवर्तनको दीर्घकालीन प्रभावहरूबारे मूल्यांकन गर्ने प्रावधान राख्नुपर्छ । विद्युत् उत्पादनका स्रोतहरूमा विविधीकरणका लागि जलविद्युत् साथै सौर्य र हावाजस्ता विद्युतीय स्रोतहरूबाट ऊर्जा उत्पादनमा पनि जोड दिनसमेत आवश्यक छ ।

अवसर : नेपालमा जलवायु परिवर्तनका चुनौतीहरूका बावजुद जलवायुजन्य क्रियाकलाप मार्फत आर्थिक समृद्धि र दिगो विकासका अवसरहरू प्रशस्त छन् ।

विद्युतीय यातायातको प्रयोग र बिजुलीमा खाना पकाउने अभ्यास बढाउन सके खनिज इन्धनमा देशको निर्भरता कम गर्दै व्यवसाय र उद्यमीहरूका लागि महत्त्वपूर्ण नयाँ अवसरहरू सृजना गर्न सकिन्छ । गत वर्ष देशमा कुल निर्यातबाट लगभग २ खर्ब रुपैयाँ आम्दानी हुँदा पेट्रोलियम पदार्थको आयातमा मात्रै ३ खर्ब ३४ अर्ब खर्च भएको थियो । यसले समग्र व्यापार घाटामा प्रमुख योगदान गर्नुका साथै ऊर्जामा परनिर्भरता बढाएको छ ।

त्यसैले यातायात र भान्सामा बिजुलीको प्रवर्द्धनले आयातित पेट्रोलियम पदार्थमा देशको निर्भरता घटाउन सकिन्छ, जसले ऊर्जा सुरक्षामा सुधार गर्न र देशको कार्बन फुटप्रिन्ट कम गर्न सक्छ । यसले स्वदेशी कम्पनीहरू, घरेलु तथा साना उद्योगहरूलाई विद्युतीय सवारीसाधन र पूर्वाधार विकास र निर्माणका साथै विद्युतीय खाना पकाउने उपकरण र सहायक उपकरणहरू बनाउने अवसरहरू दिलाउन सक्छ, जसले गर्दा नयाँ व्यापार र रोजगारी उत्पन्न हुनेछन् ।


जलवायुमैत्री कार्यहरूका लागि अन्तर्राष्ट्रिय स्रोत परिचालन र विदेशी लगानी आकर्षित गर्न सकिन्छ । अन्तर्राष्ट्रिय संस्थाहरू र सरकारहरू जलवायु परिवर्तनलाई सम्बोधन गर्न बढ्दो रूपमा केन्द्रित छन् । यस्ता सहयोगहरू हरितगृह ग्यास उत्सर्जन कम गर्न, यसबाट हुने क्षति र नोक्सानी सम्बोधन गर्न अनि जलवायु परिवर्तनका प्रभावहरूलाई अनुकूलन गर्ने प्रयासहरूमा विकासोन्मुख देशहरूलाई महत्वपूर्ण स्रोतहरू उपलब्ध गराउन केन्द्रित छन् । यी स्रोतहरू प्रयोग गरेर आफ्नै जलवायु कार्य-प्रयासहरूलाई समर्थन गर्न र दिगो विकास परियोजनाहरूमा विदेशी लगानी आकर्षित गर्न सकिन्छ ।

वर्षौंदेखि पेट्रोलियम पदार्थको प्रयोगबाट संकलित रकम हालसम्म १० अर्बभन्दा बढी भइसकेको छ । यस्ता आन्तरिक स्रोत वैदेशिक सहयोगका तुलनामा कम झन्झटिलो हुने र सहज परिचालन गर्न सकिने हुँदा ठूला जलवायुजन्य विपत्तिहरूमा यस्ता स्रोतहरू प्रभावित नागरिकहरूका तत्कालका आवश्यकता पूरा गर्न महत्वपूर्ण हुन सक्छन् । तर प्रक्रियागत अलमलले यस्ता आन्तरिक स्रोतलाई परिचालन गर्न सकिएको छैन ।

निष्कर्षत:, जलवायु परिवर्तनले नेपालका लागि महत्त्वपूर्ण आर्थिक चुनौतीहरू खडा गरिरहँदा जलवायुमैत्री कार्यका माध्यमबाट आर्थिक समृद्धि र दिगो विकासका अवसरहरू प्रशस्तै छन् । आगामी आर्थिक वर्षको बजेटमा जलवायु परिवर्तनको विषयलाई औपचारिकतामा मात्र सीमित नराखियोस्ह नागरिकहरूको दिगो र समृद्ध भविष्य सुनिश्चित गर्न अर्थतन्त्रका मुख्य क्षेत्रहरूमा पर्ने असरहरूलाई ध्यानमा राखी जलवायुमैत्री क्रियाकलापबाट मिल्न सक्ने अवसरहरूको सदुपयोगमा पनि बजेट केन्द्रित हुन सकोस् ।

*(साभार: ई-कान्तिपुर)*

# पूर्वतयारी नसक्दै एमसीसीको ५ वर्षे अवधि गणनाको तयारी



काठमाडौं/मिलेनियम च्यालेन्ज एकाउन्ट (एमसीए) नेपालले पूर्वतयारी नसक्दै मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गतका परियोजनाहरुको कार्यान्वयन थाल्ने भएको छ । नेपालमा एमसीसी अन्तर्गत बन्ने प्रसारणलाइन र सडक निर्माणको ठेक्का समेत नलाग्दै पाँच वर्षे अवधि गणना हुने गरी 'इन्ट्री इन्टु फोर्स' (ईआईएफ) मा जान लागिएको हो ।

आयोजनाका लागि जग्गा प्राप्ति, रुख कटानजस्ता पूर्वतयारीका काम पनि सकिएको छैन । यस्तो अवस्थामै ५ वर्षे निर्माण अवधिको गणना सुरू हुने गरी कार्यान्वयन थाल्न तयारी भएको हो ।

पूर्वतयारीको काममा ढिलाइ गर्दा समयमा आयोजना पुरा हुन कठिन हुने र त्यस्तो अवस्थामा खर्च हुन बाँकी अमेरिकी सरकारले दिएको एमसीसीको अनुदान बजेट समेत फिर्ता जाने जोखिम हुने एमसीए नेपालकै कतिपय अधिकारी बताउँछन् ।

एमसीसीको कम्प्याक्टमा २०७४ मै हस्ताक्षर भएपनि एमसीए नेपालले हालसम्म पूर्वतयारीको काम पुरा गरेको छैन । एमसीसी परियोजना अन्तर्गत नेपालमा रातमाटे-लप्सीफेदी-हेटौंडा- नयाँदमौली-नयाँ बुटवल खण्डमा प्रसारणलाइन निर्माण गरिँदैछ । सँगै रातमाटे, नयाँ नयाँ दमौली र नयाँ बुटवलमा सब-स्टेसन पनि बन्नेछन् । यस्तै दाङको भालुवाङदेखि बाँकेको सीमा शिवखोलासम्म ७७ किलोमिटर सडकको मर्मत/सुधार गर्ने योजना पनि छ ।

**पूर्व तयारीमा चरम अलमल**

यी परियोजनाको पूर्व तयारीको काममा चरम ढिलाइ भइरहेको छ । पूर्वतयारीलाई गति नदिई ढिलाइकै बीच आयोजना कार्यान्वयन पनि जोखिमपूर्ण ढंगले अघि बढाउने एमसीएको तयारी छ ।

प्रसारणलाइन बन्ने १० वटा जिल्लाका ३० वटा गाउँपालिका तथा नगरपालिका (९२ वटा वडाहरु) भएर जाने प्रस्तावित प्रसारणलाइन बन्ने क्षेत्रको तार र टावर रहने जग्गा अधिग्रहण गर्नुपर्ने हुन्छ ।

एमसीए नेपालका एक अधिकारीका अनुसार अहिले जग्गा अधिग्रहणका लागि १० मध्ये ९ वटा जिल्लामा मात्रै प्रारम्भिक सूचनाहरु प्रकाशन भएका छन् । प्रभावित क्षेत्रको जग्गाको मुआब्जा निर्धारण, वितरण, पुनर्बास र वन क्षेत्रको रुख कटान मुख्य काम हो । यी काम नसकी आयोजना निर्माणको काम अघि बढ्न कठिन हुन्छ ।

अहिलेसम्म जग्गाको मुआब्जा निर्धारण गर्ने अधिग्रहण गर्ने अन्तिम सूचना निकाल्ने काम भएको छैन । चितवन र पूर्वी नवलपरासी बाहेकका जिल्लामा अधिग्रहणका लागि स्थानीय बासिन्दासँग प्रारम्भिक छलफल समेत हुन सकेको छैन ।

प्राविधिकहरुका अनुसार एउटा टावरको लागि करिब एक रोपनी जग्गा अधिग्रहण गर्नुपर्छ । आयोजनामा कुल ८५६ टावरमध्ये आधाजसो सरकारी र सार्वजनिकमा पर्छ भने आधाजसो निजी जमिनमा राख्नुपर्ने अनुमान छ । विद्युत प्राधिकरणको अभ्यासअनुसार तारको मुनि रहने जमिन (दायाँ-बायाँ २३-२३ मिटर)को क्षतिपूर्ति मूल्यांकनको १० देखि २५ प्रतिशतसम्म मात्रै दिने योजना छ । त्यसमा स्थानीय बासिन्दालाई मनाउन सकस छ । झन् एमसीसी परियोजनाबारे सर्वसाधारणमा रहेको नकारात्मक धारणाले चुनौती बढाएको छ ।

एमसीसीले प्रसारणलाइन परियोजना अन्तर्गत नुवाकोटको रातमाटेमा बन्ने सबस्टेसनको जग्गा खरिद गरिसकेको छ । अन्यत्र बन्ने दुई सबस्टेसनको जग्गा विद्युत प्राधिकरणले खरिद गरेर दिँदैछ ।

त्यसबाहेक रुख कटान लगायतका कामका प्रक्रियाहरु पुरा गर्न बाँकी नै छ । आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (ईआईए) अनुसार रुख गणनाको काम बाँकी छ । १६ वैशाख, २०७८ मा नै वन तथा वातावरण मन्त्रालयले एमसीसी अन्तर्गत बन्ने विद्युत प्रसारण आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन स्वीकृत गरेको थियो ।

रुख गणना गरेर पहिचान गर्दै त्यसमा टाँचा लगाउने काम अझै सुरु भएको छैन । करिब २ लाख १७ हजार वटा रुख-बुटान कटान गर्नुपर्ने अनुमान छ । रुख गणनापछि मन्त्रिपरिषद्ले वन क्षेत्र प्रयोगको अनुमति दिने निर्णय गर्नुपर्छ ।

त्यसपछि मात्रै रुख कटान सुरु हुन्छ । केही सामुदायिक र कबुलियती वन परेको र त्यहाँका रूख निर्माण कार्य प्रारम्भ गर्नुपूर्व नै कटान गरिसक्नुपर्ने अवस्था छ । काटिने रुखको सट्टामा बिरुवाहरु रोप्न र हुर्काउन पनि बोलपत्र आह्वान गरेर जिम्मा दिनुपर्ने हुन्छ । त्यसमाथि प्रसारणलाइनको ३० किमि प्रसारण लाइन खण्डको पुन: सर्भेको काम समेत सक्न बाँकी छ ।

**जोखिम मोल्दै एमसीए**

एमसीसीले नेपालमा सञ्चालन गर्ने आयोजनाहरुको निर्माण अवधिको गणना आगामी भदौदेखि सुरु हुनेछ । ५ वर्षभित्र आयोजनाको निर्माण र परीक्षण सकेर आयोजना सरकारलाई हस्तान्तरण गर्नुपर्ने हुन्छ । तोकिएको अवधिमा काम नसकिएमा खर्च हुन बाँकी रहेको अनुदान फिर्ता हुन्छ ।

गत ५ चैतमा राष्ट्रिय सरोकार तथा समन्वय समितिको एमसीए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले प्रगति र कार्यसम्पादन सन्तोषजनक भएको दावी गरेका थिए । उनले प्रसारण लाइन पुनर्बास कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापना कार्यक्रमका लागि विभिन्न टोली परिचालन भई काम अघि बढिरहेको बताएका थिए । तर, बिष्टले भनेजस्तो अहिलेसम्म पनि आयोजनाको पूर्व तयारीले गति पाएको छैन ।

तर पूर्वतयारीको काम नसक्दै आयोजनाले ठेकदोर छनोट गरेर आयोजनालाई कार्यान्वयनमा लैजान गृहकार्य अघि बढाएको हो । आयोजनाको सबस्टेसन र प्रसारणलाइन निर्माणसहित सुपरभिजन इन्जिनियर छनोटको लागि टेन्डर आह्वान भइसकेको छ ।

तर, निर्माण र परामर्शदाता कम्पनीहरु छनोट भइसकेका छैनन् । आगामी नोभेम्बरभित्र सबै ठेकदार कम्पनीहरु छानिसकिने भएकाले अब कम्प्याक्टको अगस्ट २०२३ (भदौ २०८०) का लागि तय भएको 'इन्ट्री इन्टु फोर्स' (ईआईएफ) मिति नसार्ने योजना बनाएको हो ।

ईआईएफ नसारिएमा आगामी भदौदेखि आयोजनाको कार्यान्वयन अवधि गणना सुरु हुन्छ । त्यसको ५ वर्षभित्र आयोजनाको सबै काम सकिनुपर्छ । यदि ५ वर्षभित्र आयोजनाको काम नसकिए बाँकी काम नेपाल सरकार आफैंले आफ्नै स्रोतबाट खर्चिनुपर्ने हुन्छ ।

एमसीए नेपालले नोभेम्बर सम्म ठेक्का लगाएर ठेकेदारलाई काम लगाउन सकिने भएकाले ईआईएफ मिति नसार्ने मनस्थितिमा पुगेको हो । तर, यसले भविष्यमा जोखिम ल्याउन सक्ने आयोजनाका अधिकारीहरु बताउँछन् ।

'आयोजना सुरु नभएसम्म बिँड ताल्ने तर ताप्के नताप्नेजस्तो भइरहेको छ, सरकारी प्रक्रियाहरुको उल्झनका कारण वनको रुख कटानको अनुममति प्रक्रिया र जग्गा अधिग्रहण प्रक्रियामा ढिलाइ भएको छ', आयोजनाका एक अधिकारीले भने, '५ वर्षभित्र सक्ने चुनौती लिएरसहित गणना भएपछि सबै पक्षले गम्भीर भएर काम गर्थे भन्ने हाम्रो विश्वास हो ।'

यो आयोजना कार्यान्वयनमा गएपछि छनोट भएको ठेकेदारले नै आयोजनाको विस्तृत डिजाइन तयार गर्नुपर्छ । परियोजना कार्यान्वयनका लागि करिब ४२ महिनाको ठेक्का अवधि हुनेछ भने एक वर्षको 'डिफेक्ट लायबलिटी पिरियड' (निर्माणपछिको परीक्षण अवधि) पाउनेछन् ।

पूर्व तयारी नसकी कार्यान्वयन थाल्दा जोखिम हुने स्वीकार्दै ती अधिकारी जोखिम कम गराउने द्रुत गतिमा गरी काम हुने अपेक्षासहित ईआईएफ नसार्ने तयारी गरिएको बताउँछन् । ढिलाइ गर्दा लागत पनि बढ्दै जाने भएकाले अब ढिला गर्न नहुने सुझाव परियोजनाका परामर्शदताहरुले पनि दिएको उनले बताए । 'अहिलेकै अवस्थामा कार्यान्वयन चुनौतीपूर्ण र चापयुक्त हुन्छ,' एमसीसीका ती अधिकारी भन्छन्,'पटक-पटक मिति सारिरहँदा हाम्रो क्षमतामाथि नै प्रश्न उठ्ने भएकाले पनि यो जोखिम हामीले उठाउनुपर्छ ।'

मे २०२२ मा एमसीसीका सहायक उपाध्यक्ष जोनाथन ब्रुक्स र अर्थ मन्त्रालयका सचिव तथा एमसीए नेपालका तत्कालीन अध्यक्ष मधुकुमार मरासिनीले यस्तो समझदारीपत्रमा हस्ताक्षर गरेका थिए । सरकारले आयोजनाको पूर्वतयारीको काम गर्न चालु आर्थिक वर्ष २०७९/८० मा ९ अर्ब २७ करोड ९७ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । गत आव २०७८/७९ को तुलनामा दोब्बरले बजेट बढाएर आयोजनाको पूर्वतयारी सकाउने गरी काम हुनुपर्नेमा ढिलाइ भएको हो ।

एमसीसी परियोजना सरकारको राष्ट्रिय गौरवको आयोजना हो । करिब ३१५ किलोमिटर लामो ४०० केभी क्षमताको विद्युत प्रसारण लाइन तथा तीन वटा ४०० केभी क्षमताका सब-स्टेसन निर्माण गर्ने र ७७ किलोमिटर सडकलाई नयाँ प्रविधिबाट मर्मत र विस्तार गर्ने गरी यो आयोजना कार्यान्वयनमा लगिँदैछ । तर, कार्यान्वयनमा जानु अघि सक्नुपर्ने धेरै काम अधुरै रहने भएपछि भविष्यमा आयोजनामा अमेरिकी सरकारले दिने भनेको अनुदान रकम खर्च नहुने जोखिम उत्तिकै छ ।

मिलेनियम च्यालेन्ज कर्पोरेसन र नेपाल सरकारबीच २९ भदौ २०७४ मा हस्ताक्षर भएको एमसीसी नेपाल कम्प्याक्टअनुसार अब पूर्वतयारीको काम सकेर आयोजना क्षेत्रमा पहुँच (ईआईएफ) दिने शर्त मात्रै पुरा हुन बाँकी छ । आयोजनाको कार्यान्वयन सुरु हुनुअघि प्रसारण लाइनलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गर्नुपर्ने, 'आयोजना कार्यान्वयन सम्झौता' नामक सहायक सम्झौता हुनुपर्ने, विद्युत नियमन आयोग गठन गर्नुपर्ने, प्रसारणलाइन जोड्नका लागि भारतसँग सहमति हुनुपर्ने र 'संसदबाट अनुमोदन' हुनुपर्ने शर्तहरु यसअघि नै पुरा भइसकेको छ ।

निर्माण सुरु हुन करिब ढिला भएकाले अब परियोजनाको अनुमानित लागत पनि पुनरवलोकन भइसकेको छ । निर्माणमा भएको ढिलाइका कारण निर्माण सामग्रीसहित अन्य पक्षमा भएको मूल्य घटबढका आधारमा प्रसारणलाइन परियोजनाको टेन्डरको एक अंशलाई नेपाल सरकारले ब्यहोर्नुपर्ने भागका रुपमा एमसीएले राखिसकेको छ ।

अमेरिकी सरकारको ५० करोड डलर अनुदान र नेपालका तर्फबाट १३ करोड डलर गरी करिब ७४ अर्ब ३४ करोड रूपैयाँको आयोजना आयोजनामा करिब साढे ५ अर्ब रूपैयाँ खर्च भइसकेको छ । आयोजनामा अहिलेसम्मको खर्चको ठूलो हिस्सा पूँजीगत भन्दा चालुतर्फ बढी छ ।

*(स्रोत: अनलाइनखबर)*

# रेशम चौधरीलाई नछुटाए देशमा आगो बल्ने एलिजाको धम्की



काठमाडौं/पत्रकार ऋषि धमलाकी श्रीमती तथा अभिनेत्री एलिजा गौतमले आफूलाई नेतृको रुपमा स्थापित गर्न धम्कीपूर्ण भाषाको प्रयोग गर्न थालेकी छन् । गत वर्ष नागरिक उन्मुक्ति पार्टी प्रवेश गरेकी उनले पार्टीका संरक्षक रेशम चौधरीलाई मंगलबार सर्वोच्च अदालतले उच्च अदालत, दिपालयले गरेको जन्मकैदको फैसलालाई नै सदर गरेपछि अदालतप्रति लक्षित गर्दै धम्कीपूर्ण भाषा बोलेकी छन् ।

'१० वर्ष भयो । अब न्याय पाइन्छ भन्ने विश्वास थियो । तर, पाएनौं । अब हामी चुप लागेर बस्दैनौं । अब हामी सडकमा उत्रिएर न्याय माग्छौं । उहाँ (रेशम चौधरी) नछुटेसम्म हामी आन्दोलन गरि राख्छौं । देशव्यापी आन्दोलन हुन्छ । यदि रेशम चौधरीलाई छुटाइएन भने देशमा आगो बल्छ,' उनले धम्की दिइन् । अब रेशम चौधरीको रिहाइमा जुनसुकै खालको आदोलन हुने एलिजाको भनाई छ ।

रेशम चौधरी छुट्ने विश्वासमा आफूले फूलमाला लिएर आएको तर अदालतले गलत निर्णय गरेको भन्दै उनले अब नसहने चेतावनी दिइन् । 'उहाँले न्याय पाउनु पर्थ्यो । निर्दोष व्यक्ति थुनामा हुनुहुन्छ । आज राम्रो समाचार आउँछ भनेर हामी फूलमाला लिएर आएका थियौं । तर, एकदमै गलत निर्णय भयो । एउटा निर्दोष व्यक्ति फसेको ९/१० वर्ष भयो । अब कति सहने ?,' उनले भनिन् ।

रेशम चौधरीलाई नछुटाउन अन्तर्राष्ट्रिय रुपमा नै राजनीति भएको समेत एलिजाको दाबी छ । उनले सञ्चारकर्मीसँगको कुराकानीमा रेशम चौधरी निर्दोष रहेको मात्र रटान लगाइरहेकी थिइन् । मानौं, अदालत नै उनी हुन् । र, दोषी को र निर्दोष को भनेर फैसला गर्ने अधिकार उनलाई मात्र छ । 'भर्खर जन्मिएको बाछो धेरै उफ्रिन्छ' भने झैं उनमा पनि नयाँ नेतृ हुँदाको जोश बढी नै देखिन्छ ।

# दिनेश राउत र दीपकराज समुहबीच टिमअपको सम्भावना



काठमाडौं/नेपाली फिल्म क्षेत्रको सबैभन्दा बलियो समुह मानिने दीपकराज गिरीको समुहले फरक-फरक निर्देशकसँग टिमअप गर्दै आएको छ । यो समुहको '६ एकान ६'लाई दिनेश डिसी, 'वडा नम्बर ६'लाई उज्जवल घिमिरे, 'छ माया छपक्कै'लाई दीपेन्द्र लामा र 'छक्का पञ्जा ४'लाई हेमराज विसीले एक्सन-कट गरे । अब दीपकराज समुह र निर्देशक दिनेश राउतबीच टिमअपको प्रयास भैरहेको छ ।

दीपकराज र निर्देशक राउतले केही चरण छलफल गरि सकेका छन् । गिरीलाई फिल्मको 'आइडिया' राम्रो लागेको छ । अब उनी स्क्रिप्टको 'डेभलप' हेर्न चाहन्छन् । त्यसपछि मात्र उनले आफ्नो निर्णय दिनेछन् ।

अहिले विकास सुवेदीले स्क्रिप्ट लेखिरहेका छन् । फिल्मलाई रोहित अधिकारीले निर्माण गर्नेछन् । उनले यसअघि दीपकराज समुहसँग मिलेर 'छ माया छपक्कै' निर्माण गरेका थिए ।

२०७६ सालमा दिनेश राउतसँग एक फिल्मका लागि रोहितले सम्झौता गरेका थिए । फिल्मका लागि अभिनयको प्रस्ताव अनमोल केसीलाई गरिएको थियो । तर, पछि विभिन्न कारणले उक्त फिल्म निर्माण हुन सकेन । अब यसै वर्ष फिल्मको छायांकन थाल्ने गरी अहिले स्क्रिप्टमा काम भैरहेको छ । स्क्रिप्टको काम सकिएपश्चात् छलफलका लागि दिनेश र रोहितले दीपकराजसँग भेट गर्नेछन् ।

यो फिल्मअघि निर्देशक राउत स्वप्न सुमन र दिक्षिता कार्कीलाई लिएर एउटा लभस्टोरी फिल्म बनाउँदैछन् । उनको पाइपलाइनमा अभिनेताद्वय आर्यन सिग्देल र प्रदीप खड्कासँगको एक बायोपिक फिल्म पनि छ । दीपकराजसँग सहकार्य भएको खण्डमा उनले आर्यन र प्रदीपसँगको फिल्म अर्को वर्ष धकेल्न सक्नेछन् । 'प्रसाद' र 'प्रकाश'ले उनलाई परिपक्व निर्देशकको पहिचान दिएको छ ।

# २६ वर्षपछि बलिउड फर्किंदै ज्योतिका

एजेन्सी, मुम्बई/भारतीय फिल्मका दुई उम्दा कलाकार अजय देवगन र आर माधवन चाँडै सुपर नेचुरल थ्रिलर फिल्ममा काम गर्दैछन् । यो फिल्ममा उनीहरुसँगै बलिउड र साउथकी चर्चित अभिनेत्री ज्योतिका सरवनले पनि अभिनय गर्ने भएकी छन् । उनले २६ वर्षपछि बलिउड फिल्ममा कमब्याक गर्न लागेकी हुन् । ज्योतिकाले सन् १९९७ मा फिल्म 'डोली सजा के रखना'बाट बलिउड डेब्यू गरेकी थिइन् ।

डेब्यू फिल्म फ्लप भएपछि उनी बलिउडबाट टाढिएकी थिइन् । २००६ मा साउथ अभिनेता सूर्यासँग विवाह गरेकी उनले धेरै तमिल फिल्ममा काम गरेकी छन् । उनले सन् १९९९ मा तमिल फिल्म 'वाली'बाट डेब्यू गरेकी थिइन् । 'मुगावारी', 'छेकका छिवंता वानं', 'कातरीन मोजहि', 'काखा काखा', 'मेडम गीता रानी', '३६ वायाधिनिले', 'मायावी', 'झाँसी', 'दम २' उनका यादगार फिल्महरु हुन् ।

उनी तमिल इन्डस्ट्रीमा अहिले पनि सक्रिय छिन् । उनले श्रीमान सूर्यासँग मिलेर टूडी इन्टरटेनमेन्ट नामक फिल्म प्रोडक्शन कम्पनी चलाउँदै आएकी छन् । उनले बलिउडमा कमब्याक गर्न लागेको फिल्म गुजराती फिल्म 'वश'को हिन्दी रिमेक हो । अजय देवगन, कुमार मंगत पाठक र अभिषेक पाठकले अजय देवगन एफफिल्म्स र पनोरमा स्टूडियोजको ब्यानरमा फिल्मको निर्माण गर्नेछन् ।

# रासायनिक मल अनुदानमा दोब्बर बजेट, अरु कार्यक्रममा कटौती

काठमाडौं/कृषि तथा पशुपन्छी विकास मन्त्रालयले रासायनिक मलमा दिएको अनुदानबाहेक सबै शीर्षकमा बजेट कटौती गरेको छ । मन्त्रालयको योजना महाशाखाले अर्थ मन्त्रालयमा पेश गरेको आर्थिक वर्ष २०८०/०८१ को बजेटमा रासायनिक मलमा दिने अनुदानबाहेक सबैजसो शीर्षकमा अघिल्लो वर्षभन्दा कम बजेट छुट्याइएको छ ।

अर्थ मन्त्रालयले आगामी वर्षको बजेटका लागि कृषिलाई ५२ अर्ब रुपैयाँको सीमा दिएको थियो । त्यसैले कृषिले अघिल्ला वर्ष सञ्चालित कतिपय कार्यक्रम कटौतीमा गरेको छ । 'आगामी आर्थिक वर्षमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, बिउ उत्पादन र उपभोगमा अनुदान, स्थानीय तह किसान प्रोत्साहन जस्ता कार्यक्रममा निर्मम बजेट कटौती गरिएको छ' मन्त्रालय स्रोतले भन्यो, 'मलमा दायित्व बढाउनैपर्ने चुनौती र स्रोतको दबावमा परेको सरकारको नीतिका कारण बजेटमा मुट्ठी कसिएको छ ।'

मन्त्रालयका सहसचिव प्रकाशकुमार सञ्जेलले मन्त्रालयको बजेट समग्रमा ९ प्रतिशत हाराहारीले बढेको छ । तर रासायनिक मलमा लागत दोब्बर हुँदा अन्य आयोजनाको रकम कटौतीमा परेको हो ।

**बाँझो जमिनमा खेती प्रोत्साहन**

मन्त्रालयले यस वर्षको बजेटमा बाँझो जमिन उपयोग, रासायनिक मलको सुनिश्चितता र डिजिटल कृषिको कार्यक्रमलाई प्राथमिकतामा राखेको सहसचिव सञ्जेल बताउँछन् । मन्त्रालयले बाँझो जमिन उपयोग गर्न किसान र कृषि सहकारीलाई प्रोत्साहन गर्ने कार्यक्रम बजेटमा प्रस्ताव गरेको छ ।

**रासायनिक मलमा दोब्बर बजेट**

मन्त्रालयले रासायनिक मलको अभाव हुन नदिन चालु आर्थिक वर्षमा भन्दा दोब्बर बजेट राखेको छ । मन्त्रालयका अनुसार चालु आर्थिक वर्षमा रासायनिक मल अनुदानमा १५ अर्ब रुपैयाँ छुट्याइएको थियो । आगामी वर्षका लागि ३० अर्ब रुपैयाँ प्रस्ताव गरिएको छ । हालको बजार मूल्य अनुसार करिब साढे ५ लाख मेट्रिक टन रासायनिक मल आयात गर्न यो बजेट प्रस्ताव गरिएको प्रवक्ता सञ्जेलले बताए ।

**डिजिटल कृषि अवधारणा**


मन्त्रालयले चालु आर्थिक वर्षको बजेटमा डिजिटल कृषिको अवधारणालाई अघि सारेको छ । रासायनिक मल वितरण, बिउ वितरण, कृषि बिमा र किसान सूचीकरणलाई एकीकृत गर्नेगरी डिजिटल अवधारणाको खाका बजेटमा प्रस्ताव गरिएको छ ।

मन्त्रालयका अनुसार किसान सूचीकरणको यसअघिको कार्यक्रमलाई जोडेर रासायनिक मल उपलब्धता हेर्न किसानको प्रत्यक्ष ट्र्याकिङ गर्ने, बिउ र सरकारी सुविधा उपलब्धता र बीमा र यसको पहुँचलाई डिजिटल प्रविधिको एउटै बास्केटमा कार्यान्वयन गर्ने मन्त्रालयको प्रस्ताव छ । यसबाट कुन ठाउँका, के खेती गर्ने किसानले कसरी र कति मात्रामा मल, बिउ र बीमा लगायतका सुविधा पाए भन्ने केन्द्रीय अनुगमन हुने मन्त्रालयका बजेट शाखा प्रमुख शिरिष पुन बताउँछन् ।

**राष्ट्रपति किसान सम्मान**

मन्त्रालयले कृषिमा प्रोत्साहन गर्न स्थानीय तह, प्रदेश र संघबाट छानिएर आउने उत्कृष्ट किसानलाई सम्मान गर्ने कार्यक्रम बजेटमा प्रस्ताव गरेको छ । किसानलाई सम्मानका रुपमा दिइने राष्ट्रपति कृषि सम्मानमा कति र कस्ता किसान लाभान्वित हुन्छन् भन्ने विषय बजेट सार्वजनिक भएपछि मन्त्रालयले प्रष्ट्याउने पुनले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेबसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# नीति, कार्यक्रम र बजेटबारे संघसंस्थासँग सुझाव माग

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/हेटौंडा उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि नीति तथा कार्यक्रम र बजेट निर्माणका सम्बन्धमा नगरस्थित संघसंस्थासँग सुझाव मागेको छ ।

यसअघि जिल्लाका राजनीतिक दलहरुसँग नीति, कार्यक्रम र बजेटका विषयमा सुझाव लिएको उपमहानगरले बुधवार बजेटमा संघसंस्थाको धारणा बुझेको हो । नगर भित्र क्रियाशील संघसंस्थासँग उपमहानगरपालिकाले शिक्षा, स्वास्थ्य, कृषि र पशु, पूर्वाधार, खेलकुद, पर्यटन, वातावरण, सरसफाई, फोहर व्यवस्थापन, सूचनाप्रविधि, सुशासन तथा सेवा प्रवाह, उद्योग सहकारी, यातायात सञ्जाल, सामाजिक क्षेत्रसहितका बिषयमा छलफल गरिएको हो । उपमहानगर नेतृत्वले नीति तथा कार्यक्रम र बजेटमा समेट्नुपर्ने महत्वपूर्ण विषय, प्राथमिकताका कार्यक्रम र आवश्यकतालाई मध्यनजर गर्दै सुझाव मागेको नगरप्रमुख मीनाकुमारी लामाले बताइन् ।

छलफलमा हेटौंडा उपमहानगरकी प्रमुख लामाले नगर बनाउने कुरामा हातेमालो गर्न आग्रह गरेकी छन् । उनले हेटौंडा बनाउने सवालमा सबै संघसंस्थाले उपमहानगरसँगै एकजुट हुनुपर्नेमा जोड दिइन् । सबै क्षेत्रको अपनत्व र होस् भन्नका लागि छलफल गरेकाले उचित सुझावलाई सम्बोधन गर्न पछि नपर्ने विश्वास पनि लामाले दिलाएकी छन् । नेतृत्वबाट योजना लाद्ने भन्दा पनि जनअपेक्षित काम गर्न जरुरी रहेको मेयर लामाको भनाई छ । उपमहानगरले राखेको योजना सबैको साझा हुन जरुरी रहेको लामाले बताइन् । हेटौंडा बनाउने कुरामा सबैको सहयोग र सहकार्य आवश्यक रहेको उनको भनाई छ ।

प्रदेश सहकारी बोर्डका उपाध्यक्ष नारायण देवकोटाले सहकारी मार्फत् उत्पादन, भण्डारण र बजारीकरणमा ध्यान दिन जरुरी रहेको बताए । सहकारी मर्ज गर्ने नीति उपमहानगरले ल्याउनुपर्ने सुझाव दिएका छन् । नारायणी यातायात व्यवसायी संघका पूर्वअध्यक्ष बद्रीप्रसाद चौलागाईले जिल्लामा ४ हजार ६ सय यातायात व्यवसायी रहेको भन्दै व्यवसायीको हितका लागि पनि बजेट ल्याउनुपर्नेमा जोड दिए । नगरभित्र ट्रक पार्कको व्यवस्थापन गर्नुपर्ने, सिटी बस सञ्चालन आवश्यक रहेको, विद्युतीय सवारी सञ्चालनमा जोड दिनुपर्ने र राजमार्ग व्यवस्थापनमा ध्यान दिन जरुरी रहेको उनले बताए ।

मकवानपुर घरजग्गा व्यवसायी संघका उपाध्यक्ष पवन तिमल्सिनाले उपमहानगरले आन्तरिक आयवृद्धिमा ध्यान दिन जरुरी रहेको बताए । उनले नापी र मालपोतलाई उपमहानगरपालिकाअन्तर्गत् ल्याउन जरुरी रहेको बताएका छन् । जग्गा वर्गीकरण मुल्यांकन गर्न आवश्यक रहेको तिमल्सिनाले बताए । सबैलाई करको दायरामा ल्याउनुपर्ने, उठेको भाडा घरबेटीले मात्र लिइरहेको अवस्थाबारे जानकारी गराउँदै घर बहाल करमा उपमहानगरको ध्यान पुग्नुपर्ने, एम्वुलेन्स खरिद गरेर बिरामीलाई अस्पतालसम्म नि:शुल्क सुविधा दिन जरुरी रहेको तिमल्सिनाले बताए । साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेले जिल्लामा क्रियाशील संस्था बजेट अभावले भाषा साहित्य र संस्कृतिको क्षेत्रमा काम गर्न नसकेको जनाएकी छन् ।

टोल विकास संस्था नगर समन्वय समिति अध्यक्ष ध्रुव अधिकारीले टोल विकास संस्था परिचालनमा कार्यक्रम र नीति आवश्यक रहेको औंल्याएका छन् । सामाजिक अभियानमा परिचालन गर्न कार्यक्रम आवश्यक रहेको उनले बताए । बजेटको व्यवस्थापन आवश्यक रहेको उनको भनाई छ । होटल एसोसिएसन मकवानपुरका गोपाल सापकोटाले खेर गएको जमिन संरक्षण गरेर पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नुपर्ने बताए । उनले पर्यटकीय ताल निर्माण गर्न, राप्ती तटमा रात्रिकालीन पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न, व्यवसायीक कर सम्बन्धित ठाउँमा ठाउँमा पुगेर उठाउन सुझाव दिएका छन् ।

छलफलमा सहभागीहरुले उपमहानगरमा सामाजिक रुपान्तरणका लागि मौलिक शिक्षा कार्यान्वयन गर्नुपर्ने, हरेक कुरा आयातित् भएको भन्दै बालउद्यान आवश्यक रहेको, जीवन उपयोगी शिक्षा आवश्यक रहेको, शिक्षाका कारण व्यावारिक, जिम्मेवारी बन्न सक्नुपर्ने, शैक्षिक हव बनेको भन्दै त्यसका लागि पूर्वाधार अभाव रहेको बताएका छन् । खानेपानी व्यवस्थापनमा ध्यान दिँदै नगरका सबैलाई सम्बोधन हुनुपर्ने, नगरको सुविधा सबैलाई दिनुपर्ने, ८ हजार धारा खानेपानी व्यवस्थापन बोर्ड बाहिर रहेकोले समेट्नुपर्ने सुझाव उठेको छ । नगरमा धार्मिक पर्यटकको क्षेत्रमा योजना बनाउन आवश्यक रहेको औंल्याइएको थियो । सुविधा सम्पन्न शौचालयहरु नगर क्षेत्रमा आवश्य रहेको जनाइएको छ ।

# प्रदेश खेलकुदको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/बागमती प्रदेश सरकारले दोस्रो बागमती प्रदेश खेलकुद-२०८० आयोजनाको तयारी तीव्र पारेको छ । प्रदेश खेलकुद परिषद्ले प्रतियोगिताको तयारी अन्तिम चरणमा रहेको जानकारी दिएको छ ।

९ करोड ४२ लाख खर्चको अनुमान गर्दै परिषद्ले १३ वटा खेलमा प्रतिस्पर्धा गराउने भएको छ । हेटौंडा-५, पिप्लेस्थित क्याम्पा रंगशालामा जेठ ७ गतेबाट खेलकुद प्रतियोगिताको उद्घाटन हुनेछ । खेलकुदमा विभिन्न १३ विधाका खेलहरु फुटबल, भलिबल, एथलेटिक्स, तेक्वान्दो, कराते, बक्सिङ, उसु, जुडो, क्रिकेट, रग्वी, व्याडमिन्टन, पौडी र आइटिएफ तेक्वान्दो प्रतियोगिता हुने परिषदका सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिए । खेलकुदका अधिकांश खेलहरु हेटौंडामा गरिने र केही खेलहरु चितवन र काठमाडौंमा गरिने परिणद्का सदस्यसचिव भण्डारीले बताए ।



प्रतियोगितामा कुल एक हजार ७५ जना महिला खेलाडी र एक हजार ४ सय २७ पुरुष खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । १ सय ७३ जना प्रशिक्षक, १ सय ४२ जना व्यवस्थापक र २ सय ७६ जना निर्णायकको सहभागिता रहने आयोजकले जनाएको छ । प्रतियोगितामा विभिन्न ७ सय ९४ वटा पदकका लागि प्रतिष्पर्धा हुनेछ । खेलकुदमा २१९ वटा स्वर्ण पदक, २१९ वटा रजत पदक र ३ सय ५६ वटा कास्य पदकका लागि प्रतिष्पर्धा हुनेछ । हरेक प्रतियोगिताको प्रथम हुने समूह वा खेलाडीलाई जनही ५ हजार, द्वितीयलाई जनही ४ हजार र तृतीयलाई जनही ३ हजारका दरले पुरस्कार प्रदान गरिने प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव भण्डारीले जानकारी दिए ।

प्रदेशमा खेल प्रतिभाको खोजी गर्नुका साथै खेलप्रति खेलाडी र अभिभावकको आकर्षण वृद्धिलगायत उद्देश्यका साथ सुरु हुन लागेको प्रदेश खेलकुद प्रतियोगिताको जेठ ७ गते उद्घाटन हुनेछ भने ८ गतेबाट खेल सुरु हुनेछ । जेठ ८ देखि १० गतेसम्म गौरीटार रंगशालामा महिला फुटबलको आयोजना हुनेछ भने पिप्ले क्याम्पा रंगशालामा ८ देखि १३ गतेसम्म फुटबल प्रतियोगिता हुनेछ । सोही रंगशालामा ८ देखि १० गतेसम्म एथ्लेटिक्स प्रतियोगिता तय गरिएको छ भने हेटौंडाको हुप्रचौरमा ८ देखि १० गते नै महिला तथा पुरुष भलिबल हुनेछ ।

जेठ ८ देखि १० गते नै हुप्रचौरमा रग्बी, कराते, तेक्वान्दो र आइटिएफ तेक्वान्दो प्रतियोगिता हुनेछ भने हेटौंडा कभर्डहलमामा ८ देखि १३ गतेसम्म बक्सिङको प्रतिष्पर्धा हुनेछ । थानाभन्याङमा ब्याडमिन्टन प्रतियोगिता हुनेछ भने उसु र जुडोको प्रतिष्पर्धा काठमाडौंमा हुनेछ । ललितपुरमा पौडी प्रतियोगिता तय गरिएको छ भने चितवनमा महिला तथा पुरुष क्रिकेट प्रतियोगिता तय गरिएको परिषद्का सदस्य सचिव भण्डारीले बताए ।

# कमल थापा टेनिसको फाइनलमा



साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/राजनीतिज्ञ कमल थापा खेलाडीका रुपमा पनि परिचित छन् । कुनै बेला फुटबलमा खेलाडी थापा बुढेशकालमा भने टेनिस खेलाडीका रुपमा व्यस्त छन् ।

मकवानपुरे थापा हालै दार्जिलिङमा भइरहेको टेनिस प्रतियोगितामा फाइनलमा प्रवेश गरे । दार्जिलिङ जिम खाना क्लबद्वारा आयोजित अन्तर्राष्ट्रिय टेनिस फेडेरेसन (आईटीएफ) को मान्यता प्राप्त 'वल्र्ड टेनिस मास्टर्स एम टी २०० प्रतियोगिता'मा थापा फाइनलमा प्रवेश गरेका हुन् । उक्त प्रतियोगिता वैशाख ३० देखि दार्जिलिङमा सञ्चालन भइरहेको छ । सो प्रतियोगितामा भारत, नेपाल, भुटानलगायत विभिन्न देशका सयभन्दा बढी सिनियर खेलाडीहरुको सहभागिता रहेको छ ।

प्रतियोगिताको ६० वर्ष उमेर समूहको डबल्स प्रतिस्पर्धा अन्तर्गत बुधवार भएको सेमिफाइनलमा नेपालका कमल थापा र झ्याम्पा धोण्डुपको जोडिले भारतका दोस्रो बरियताका आशिष सेन र नरेश भिजको जोडिलाई ६-४ र ६-२ को सोझो सेटमा पराजित गरी फाइनलमा प्रवेश गरेको हो । यस्तै बुधवार नै भएको सिंगलतर्फको प्रतिस्पर्धामा कमल थापाले भारतका उदय माथुरलाई क्वार्टर फाइनलमा ६-२ र ६-२ को सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका थिए ।

# बोलेरोको ठक्करबाट बालकको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/हेटौंडा उपमहानगरपालिका वडा नं. ११ नमूना चोकमा बोलेरो पिकअपको ठक्करबाट नाबालकको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय सुमी डिङ्डुङको छोरा दुई वर्षीय समर लो रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

बुधबार बिहान सिमलटार बाट हेटौंडा बजारतर्फ आउँदै गरेको बागमती प्रदेश-०३-००१ च १५९७ नम्बरको बोलेरो गाडीले ठक्कर दिंदा समर घाइते भएका थिए । उनको उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा बिहान पौने ८ बजे चिकित्सकले मृत घोषणा गरेको प्रवक्ता कार्कीले बताए । गाडी र चालक प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको उनले बताए ।

**केदारनाथ सुनचाँदी पसल**

हेटौंडा-१०, बसपार्क रोड



यहाँ सुनचाँदीको गरगहना पाउनुको साथै अर्डर बमोजिम तयार पनि गरिन्छ र राशी अनुसारको पत्थर पाउनुको साथै सुनचाँदी खरिद बिक्री पनि गरिन्छ ।

प्रो. राहुल सुनार

मो.नं. ९८४५८३०८१७, ९८०४२०३२५५

# मकवानपुरमा 'लम्पी स्किन'बाट...

उनका अनुसार प्रदेशको रसुवा र दोलखामा रोग पुष्टि नभएकाले संक्रमित संख्या शून्य छ । धादिङको विवरण मन्त्रालयमा आइनसकेको उनको भनाइ थियो । हालसम्म गाईमा मात्र सङ्क्रमण भएको र भैंसीमा उक्त रोग सङ्क्रमण नभएको अधिकारीले बताए । काठमाडौंमा ८३, ललितपुरमा ४०, काभ्रेमा चार सय, नुवाकोटमा तीन सय, सिन्धुपाल्चोकमा ६ र भक्तपुरमा एउटा गाईमा लम्पी स्किन रोग देखापरेको मन्त्रालयको तथ्यांक छ ।

रोगबाट पशुमा हुने मृत्युदर कम (करिब ५ प्रतिशत) भए पनि दुहुना पशुको दूध उत्पादनमा उल्लेख्य ह्रास (८० प्रतिशतसम्म) हुने भएकाले किसानलाई ठूलो आर्थिक क्षति पुगेको अधिकारीले बताए । 'रोग नियन्त्रण गर्न रोगको कारण, लक्षण, यसबाट किसानमा पुग्ने क्षति एवं नियन्त्रण र रोकथामका बारेमा किसान र सबै सरोकारवालासमक्ष जनचेतना फैलाउने काम गरिरहेको अधिकारीले जानकारी दिए । रोगको जोखिमयुक्त क्षेत्रको पहिचान गरी खोप कार्यक्रम यथाशीघ्र सुरु गर्न जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रलाई निर्देशन दिई सकिएको मन्त्रालयले जानकारी दिएको छ ।

मकवानपुरको मकवानपुर गढी गाउँपालिका-५ मा एक हजार पाँच सय डोज खोप लगाउने कार्य सञ्चालन भइरहेको छ । रोग ग्रस्त क्षेत्रमा गई तत्काल नि:सङ्क्रमण, उपचारलगायत नियन्त्रणका कार्य सञ्चालन गर्न तत्काल रोग नियन्त्रण समिति बनाइ कार्य अघि सारिएको अधिकारीले जानकारी दिए ।

मन्त्रालयले रोग नियन्त्रण तथा रोकथामलाई व्यवस्थित र प्रभावकारी बनाउन 'लम्पी स्किन डिजिज् नियन्त्रण र रोकथाम रणनीति, २०८०' तयार गरी कार्यान्वयन गर्ने तयारी गरिरहेको उनले जानकारी दिए । मन्त्रालयको अनुगमन टोलीले निरन्तर अनुगमन गर्दै संक्रमणको रोकथामका लागि आवश्यक कार्य गरिरहेको छ ।

# मकवानपुरमा मदन-आश्रित स्मृति दिवस मनाइयो





साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/मकवानपुरमा ३० औं मदन आश्रित स्मृति दिवसको अबसरमा सहयोग हस्तान्तरण कार्यक्रम गरी मनाइएको छ ।

मदन भण्डारी फाउन्डेसनको आयोजनामा भएको कार्यक्रममा फाउण्डेसनका केन्द्रीय सदस्य तथा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यता तथा जिल्ला अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा सहभागीले सहिद स्मारकमा रहेको जननेता मदन भण्डारीको प्रतिमामा माल्यार्पण गरेका थिए । कार्यक्रममा बोल्दै पौडेलले नेपालको कम्युनिस्ट आन्दोलनले मदन भण्डारीलाई सधै सम्भिरहने बताए । उनले नेकपा एमालेसँगै अन्य पार्टीहरु पनि मदन भण्डारीको पथमा लागेको बताए । जननेता भण्डारीले नवीन सिद्धान्त प्रतिपादन गरी नयाँ सोच र नयाँ विचारलाई स्थापित गराएर कम्युनिस्ट आन्दोलनमा परिवर्तन भएको उनको भनाई छ ।

कम्युनिस्ट आन्दोलन चुनौतीपूर्ण रहेको भन्दै संकटमा पछि नहटी सामाना गर्न सके मदन भण्डारीप्रति सच्चा श्रद्धाञ्जली हुने पौडेलको दाबी छ । जननेता मदन भण्डारी र कुशल संगठक जीवराज आश्रितबाट सबैले प्रेरणा लिनुपर्ने उनले बताए । नेपालको कम्युनिस्ट आन्दोलनलाई जीवन र सामाजिक परिवर्तनमा मदन भण्डारी ठूलो योगदान रहेकोले उनले देखाएको बाटो सबैले हिँड्न आवश्यक रहेकोमा जोड दिए । नेकपा एमाले केन्द्रीय सदस्य रामेश्वर रानाले नेपाली जनताको चेतनास्तर उकास्न मदन-आश्रितको योगदानलाई भुल्न नहुने भनाई राखेका छन् । मदन भण्डारीले प्रतिपादन गरेको सिद्धान्तलाई पछ्याउँदै नेपालका कम्युनिस्ट पार्टीहरु हिँडिरहेको उनको भनाई छ ।

उनले संसारमा कम्युनिस्ट आन्दोलन कमजोर भएको अवस्थामा मदन भण्डारीले यसलाई नेपालमा स्थापित गरेको स्मरण गरे । कुशल संगठक जीवराज आश्रित सदैव जिवन्त रहने उनको भनाई थियो । बागमती प्रदेशसभा सदस्य तथा नेकपा एमाले जिल्ला कमिटीका अध्यक्ष एकालाल श्रेष्ठले मदन-आश्रितले देखाएको समाजवादको यात्रा अहिले कम्युनिस्ट पार्टीहरुले गरिरहेको बताए । मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवादलाई सबैले अगिंकार गर्न जरुरी रहेको श्रेष्ठको भनाई छ । यस्तै, स्मृति दिवसका अवसरमा मामाघर नेपाललाई नगद सहयोग गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि पौडेलले मामाघार नेपालका संरक्षक अर्पण पराजुलीलाई ११ हजार १ सय ११ हस्तान्तरण गरेका छन् । हाल मामाघरले २०३ जना बालबालिका उद्दार र पारिवारिक मिलन गराएको छ ।

नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ । यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुन सक्छ । खुसीको कुरा, हाम्रो आफ्नो नियमित वानी व्यहोराले हृदयघात बाट बच्न सकिन्छ ।

**कस्तो बानिव्यहोराले बच्न सकिन्छ त ?**

- ☞ सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
- ☞ मध्यपान सेवन नगर्ने,
- ☞ स्वास्थ्यकर खाना खाने,
- ☞ नियमित रुपमा व्यायाम गर्ने,

**निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउने**

१. छातिको बिच भागमा वा बायाँतिर दुख्ने र सो दु:खाई घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा ।
२. छातिमा भारीपन वा मन्द मन्द दुखेमा ।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका बिरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरिवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर वानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

# प्रदेश युवा परिषद्को नवौं बोर्ड बैठक





साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/युवाहरुलाई स्वरोजगार बनाउन निरन्तर तालिमलगायतका कार्यक्रम चलाउँदै आइरहेको प्रदेश युवा परिषद् बागमती हेटौंडा नेपालको नवौं बोर्ड बैठक बसेको छ ।

प्रदेश युवा परिषद्को अध्यक्ष सामाजिक विकासमन्त्री कुमारी मोक्तानको अध्यक्षतामा बुधवार बैठक बसेको हो । बैठकमा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईं, सामाजिक विकास मन्त्रालयका सचिव रामकृष्ण पुडासैनी, युवाको क्षेत्र हेर्ने महाशाखा प्रमुख खुबिराम अधिकारी, महाशाखा प्रमुख गोपालप्रसाद कंडेल र परिषद्का सदस्यहरुको उपस्थिति रहेको थियो । बोर्ड बैठकको मुख्य एजेन्डा २०८०/८१ को प्रस्तावित बजेट कार्यक्रम माथि छलफल रहेको थियो ।

बैठकमा शिक्षा र तालिमका कार्यक्रमहरु, शिक्षा र कल्याण, युवा सशक्तिकरण, साँस्कृतिक, साहित्यिक र कलाको संरक्षण र सम्बर्धन, खेलकुद मनोरन्जन, दिगो विकासका कार्यक्रम, नागरिक संलग्नता तथा स्वयंसेवा कार्यक्रम एवं विपद व्यवस्थापन, प्रविधि र नवप्रवर्द्धन, वित्तीय सारक्षरता कार्यक्रम, क्यारियर विकास, समाजमा शान्ति शुव्यवस्था र अमनचयन कायम गर्न युवाको भूमिका, लैगिंक समानता र सबै प्रकारको विभेदको अन्त्य, मानवअधिकार, मिडिया र संचार कार्यक्रम, ग्रामीण विकास कार्यक्रमहरु बजेटमा समावेश गर्नुपर्ने र प्रदेश युवा परिषद् ऐन र बागमती प्रदेश युवा नीति जारी भईसकेकोले युवाको संख्यात्मक, गुणात्मक विकास र सर्वाङ्गिण विकासको लागि कार्यक्रम आवश्यक रहेको बैठकमा परिषद्का कार्यकारी उपाध्यक्षल सन्तोष चौलागाईले उल्लेख गरेका छन् ।

उल्लेखित कार्यक्रमहरु बजेट कार्यक्रम समावेश गर्ने मन्त्री मोक्तानले प्रतिवद्धता व्यक्त गरेकी छन् । परिषद्ले विगत र चालु आर्थिक वर्ष २०७९/८० मा युवालाई उद्यमशिलतामा जोड्ने, युवाहरुको परिचालन, परम्परागत सीपको संरक्षण प्रवर्द्धनलगायतका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । आगामी आव ०८०/८१ मा उल्लेखित कार्यक्रमलाई थप प्रभावकारी ढंगले निरन्तरता दिने लक्ष्य प्रदेश युवा परिषद्को रहेको कार्यकारी उपाध्यक्षले जानकारी गराएका छन् ।

# मनहरी-१ को वडा कार्यालय पक्की भवनमा



साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-१ नम्बर वडा कार्यालयले पक्की भवनबाट सेवा दिन सुरु गरेको छ ।


कार्यालयको व्यवस्थित भवन नहुँदा सेवा प्रवाहमा समस्या भेलिरहेको वडा कार्यालयको आफ्नै ९ कोठे भवन तयार भएपछि सेवा प्रवाहमा सहजता हुने विश्वास लिएको छ । पर्ता मकरीमा ठेक्कामार्फत ९१ लाख १७ हजार रुपैयाँमा निर्माण भएको पक्की भवनको बागमती प्रदेशसभा सदस्य एवम् नेपाली कांग्रेसका प्रदेश सभापति इन्द्रबहादुर बानियाँले बुधवार एक कार्यक्रमका बीच उद्घाटन गरेका हुन् । वडा कार्यालयको आफ्नै प्रशासनिक भवन निर्माण हुँदा वडाका काम कारबाही सम्पादन गर्न सहज एवम् व्यवस्थित हुनेमा बानियाँले विश्वास व्यक्त गरे । भवनको पूर्ण सदुपयोग गर्दै सेवाग्राहीलाई सहज सेवा दिन उनले वडा कार्यालयलाई आग्रह गरे ।

बानियाँले मनहरीको पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, खानेपानी, सिचाई, कृषि तथा पशुपालनलगायत क्षेत्रको विकासका लागि प्रदेश सरकारबाट विगतमा पनि प्राथमिकताका साथ बजेट बिनियोजन भएको बताउँदै आगामी आर्थिक वर्षमा पनि प्राथमिकता दिइने बताए । कार्यक्रममा मनहरी गाउँपालिकाका अध्यक्ष रन्जन कालाखेतीले गाउँपालिकाबाट भएका कामहरुकोबारे जानकारी राखेका थिए । सांसद बानियाँले मनहरी क्षेत्रको विकासमा पुऱ्याएको योगदानबारे पनि उनले खुलेर प्रसंशा गरे । वडाध्यक्ष शिव खनालको अध्यक्षतामा कार्यक्रम भएको हो ।

"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी

सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सबिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना